मेलुङ गाउँपालिका
MelungRural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive

पत्र संख्या: २०७६/०७७
चलानी नं :

भेडपु, दोलखा
३ नं. प्रदेश, नेपाल ।

मिति : २०७६/०५/१९

# शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०७६/०५/२०

मेलुङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, भेडपु, दोलखाको चालु आ.व.२०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार एचडिपीइ पाइप खरिद तथा वितरण गर्नु पर्ने भएकाले नियमानुसारको इजाजतपत्र प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाबाट तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. अध्यावधिक नवीरकण गरिएको इजाजतपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, आर्थिक वर्ष २०७५/०७६ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु र निवेदन सहित यस कार्यालयको सानिमा बैंक लि.मा रहेको सञ्चित कोष खाता नं. ०७२०१००२००००००२५ मा रु.१,०००।– (अक्षरुपी एक हजार मात्र) फिर्ता नहुने गरी दरभाउपत्र दस्तुर तिरी यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ औं दिन मिति २०७६/०५/२६ गतेभित्र कार्यालय समयमा यस कार्यालयबाट इच्छुक शिलबन्दी दरभाउपत्र दाताद्वारा दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको फारामहरुमा उल्लेख भएका सबै विवरण भरी शिलबन्दी दरभाउपत्र दाताले प्रत्येक पानामा सहीछाप गरी दरभाउपत्र शिलबन्दी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण, प्रोप्राइटरको नाम र ठेगाना, मोबाइल नं. र इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको आधिककारिक छाप लगाई शिलबन्दी लाहाछाप दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ८ औं दिन मिति २०७६/०५/२७ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

४. शिलबन्दी दरभाउपत्र साथ कम्तिमा ९० दिनको म्याद भएको तपसिलमा तोकिए बमोजिमको क वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पत्र वा मेलुङ गाउँपालिकाको धरौटी खाता नं. ०७२०००००००४२५ मा जम्मा गरेको सक्कलै बैंक भौचर दरखास्तका साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

५. दर्ता भएका दरभाउपत्रहरु यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ८ औं दिन मिति २०७६/०५/२७ गते दिनको ठीक १:०० बजे कार्यालयका प्रतिनिधिहरु तथा शिलबन्दी दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन ।

६. शिलबन्दी दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयलाई उक्त प्रयोजनका लागि मान्याता दिइनेछ ।

७. शर्तहरुमा रहेको रीत नपुगी वा म्याद नाघेको वा कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरु मान्य हुने छैन ।

# मेलुङ गाउँपालिका
Melung Rural Municipality
## गाउँकार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive

भेडपु, दोलखा
३ नं. प्रदेश, नेपाल ।


पत्र संख्या: २०७६/०७७

चलानी नं :

मिति : २०७६/०५/१९

८. दरभाउपत्रमा आइटमवाइज दर अङ्क र अक्षर दुवैमा स्पष्ट देखिने बुझिने गरी लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा शिलबन्दी दरभाउपत्रदाताको सहीछाप अनिवार्य हुनु पर्नेछ ।

९. कुनै कारण जनाई दरभाउपत्र स्वीकृत गर्ने वा रद्द गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. शिलबन्दी दरभाउपत्रदाताले सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ ।

११. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४, (आठौं संशोधन सहित) तथा आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. मालसामानको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसारको हुनु पर्नेछ ।

१३. यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यलय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१४. सारभूत रुपमा प्रभावग्राही भई स्वीकृत भएको दरभाउपत्र दाताले दरभाउपत्र दाता स्वयंको लगानी वा खर्चमा यस कार्यालयले तोकेको स्थलसम्म ढुवानी गरी सम्पूर्ण मालसामानहरु कार्यालयको प्रतिनिधिको उपस्थिति रोहबरमा चेकजाँच तथा रुजु गराई आवश्यक बिल भरपाइ पेश भए पश्चात मात्र भुक्तानी प्रक्रिया अगाडि बढाइनेछ ।

**तपसिल**

| सि.नं. | दरभाउपत्र नं. | आपूर्ति गर्ने मालसामानको नाम | आपूर्ति गर्ने मालसामानको विवरण | ल.इ.रकम रु. ( भ्याट सहित) | बैंक जमानत रु. |
|---|---|---|---|---|---|
| १. | ०२/२०७६/०७७ | High Density Polythene Pipe (HDPE) Pipe NS 40 | For Irrigation ($4Kg/Cm^2$ Pressure 200mm Outer Diameter)<br>For Water Supply ($10Kg/Cm^2$ Pressure) | ९,९८,२७०।३६ | ३०,०००।- |

(धनेन्द्र भुजेल)
**प्रमुख प्रशासकीय अधिकृत**

धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत